संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १२ गते शुक्रबार

---

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले समय उपलब्ध गराउनु हुँदा माननीय श्री पदम गिरीले जेठ १० गते सत्ता पक्षका एकजना माननीय सदस्यले प्रमुख प्रतिपक्षी दलका नेतालाई उल्लेख गर्दै उहाँको नेतृत्वको सरकारमा विभिन्न भ्रष्टाचारका काण्डहरु भएका, पशुपतिनाथको जलहरी लाउँदा सुन भनी पित्तल लगाएर भ्रष्टाचार गरेको भन्ने जस्ता गम्भिर आरोपहरु बिना आधार तथा प्रमाण लगाइएको सम्बन्धमा सरकारले यथार्थ जानकारी सदनलाई दिनुपर्ने र सदनमा सो विषयको सत्य तथ्यको जानकारी नदिएसम्म यो बैठकको कारवाही अगाडी बढ्न सक्दैन भन्नु भयो । सो समयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिइ रहनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यले आफ्नो भनाई राख्नुभई सकेको छ, उक्त विषय संसदीय प्रकृया बमोजिम अध्ययन गरी टुङ्गिदै जानेछ । आजको बैठकको कार्यसूचीमा नीति तथा कार्यक्रममाथीको अन्तिम छलफल र प्रधानमन्त्रीको उत्तर दिने कार्यक्रम भएकोले आ-आफ्नो आशन ग्रहण गरी कार्यक्रम अगाडी बढाउन सहयोग गर्न हुन अनुरोध गर्नु हुँदा पनि उहाँहरु उभिई नै रहनु भएपछि र बोल्न समय माग गर्नु भएपछि सम्माननीय सभामुखले माननीय श्री सुवासचन्द्र नेम्वाङलाई समय दिनु हुँदा उहाँले सदन चल्नु पर्छ भन्ने कुरामा प्रमुख प्रतिपक्ष पनि सहमत रहेको तर प्रमुख प्रतिपक्षी दलको नेतालाई पशुपतिनाथमा सुनको जलहरीको सट्टा पित्तलको लगाइएको भन्ने गम्भीर आरोप लगाएपछि उक्त आरोपको भारी बोकेर प्रमुख प्रतिपक्ष सदनको प्रकृयामा भाग लिन सक्दैन, त्यसैले यस विषयमा टुङ्गोमा पुगेर मात्रै सदनको कारवाही अगाडी बढाउनु पर्दछ भन्नु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले माननीय सदस्यले उठाउनु भएको विषयको सत्य तथ्य छानविन गर्नको लागि समेत निश्चित प्रकृया हुने जानकारी गराउँनु हुँदै आजको कार्यसूचिको कार्यक्रम अगाडी बढाउन सहयोग गर्न माननीय सदस्यहरुलाई पटक पटक अनुरोध गर्नु हुँदा पनि उहाँहरु उभिई नै रहनु भएपछि सम्माननीय सभामुखले माननीय श्री हितराज पाण्डेलाई बोल्न समय दिनु हुँदा उहाँले संसदलाई व्यवस्थित गर्नुपर्ने र माननीय सदस्यहरुले आफ्ना कुरा राख्न पाउनु पर्ने र छलफल हुनुपर्ने लगाएतका विषयमा आफ्नो भनाई राख्दै गर्दा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु सभामुख आशन अगाडीको वेलमा आई विभिन्न नाराहरु लगाउन शुरु गर्नु भयो ।

सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आशन ग्रहणको लागि पटक पटक अनुरोध गर्नुहुँदा पनि माननीय सदस्यहरुले वेलमा नारा लगाउन नछोड्नु भएपछि सम्माननीय सभामुखले बैठक २० मिनेटपछि बस्ने गरी स्थगित गर्नु भयो ।

तदनन्तर प्रतिनिधि सभाको बैठक आजै २० मिनेटपछि बस्नेगरी दिनको १२:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको २० मिनेटपछि बस्ने गरी स्थगित भएको बैठक सूचनापत्र-४ प्रकाशित गरी दिनको ३:०० बजे बस्ने गरी निर्धारण भएकोमा उक्त समयमा पनि पुनः बैठक बस्न नसकेपछि बेलुका ६:०० बजे गरी निर्धारण भएकोमा सो बैठक पनि निर्धारित समयमा बस्न नसकेपछि पुनः सूचनापत्र-४ प्रकाशन गरी अर्को बैठक २०८० साल जेठ १३ गते दिनको ४:०० बजे बस्ने गरी स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव